नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
धादिङ

फोन:०१०-५२०१३३
ई-मेल:daodhading@moha.gov.np

प.सं. :प्रशासन २०८२/०८३

## मनसुनजन्य विपद् सम्बन्धी सार्वजनिक जानकारी

जल तथा मौसम विज्ञानको पूर्वानुमानुसार राष्ट्रिय विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणको मिति २०८२ असोज १८ गते प्रकाशित सूचनानुसार यही असोज १८-२० सम्म पूर्वमा कोशि प्रदेश देखि पश्चिममा लुम्बिनी प्रदेशसम्म चटयाङ सहित हल्का देखि मध्यमसम्म बर्षा भैरहेको र केही स्थानमा भारी बर्षा देखि अति धेरै भारी बर्षाको सम्भावना रहेको जनाएको छ । साथै यस जिल्लाभर निरन्तर बर्षा समेत भैरहेको अवस्था छ ।

भारी तथा अति धेरै भारी बर्षाका कारण हुन सक्ने बाढी पहिरो र डुवान एवम् त्यसबाट उत्पन्न हुनसक्ने संभावित विपद् जोखिम न्यूनिकरण गर्न यस जिल्ला भई चल्ने सबै साना तथा ठूला सवारी साधन आवतजावतका लागि यही मिति २०८२ असोज १८ गते बेलुका ५:०० बजे देखि ऐं २० गते सम्मका लागि बन्द गरिएको व्यहोरा सर्वसाधारणको लागि जानकारी गराईन्छ ।

यस अवधिमा यातायात व्यवसायी लगायत कसैले पनि अत्यावश्यक बाहेकका सवारी साधन नचलाउनु हुन समेत अनुरोध छ ।मनसुनका कारण उच्च जोखिम उत्पन्न भई जनधनको क्षति हुन सक्ने हुँदा सावधानी र सतर्कता अपनाउन, राष्ट्रिय राजमार्ग तथा सहायक मार्गहरुमा पहिरो खस्ने, सवारी जाम हुने तथा सवारी दुर्घटना भई जनधनको क्षति हुन सक्ने अवस्थालाई विशेष ध्यानमा राखि उत्पन्न हुन सक्ने विपदकालमा पुर्व तयारीका साथ प्रभावकारी प्रतिकार्यमा जुट्नका लागी देहाय अनुसार गर्नु गराउनु हुन सम्बन्धित सबै संघ र प्रदेशका कार्यालयहरु तथा स्थानीय तहहरु लगायत सबै संघ संस्था, जिल्लावासी नागरिकहरु र यो जिल्ला भएर आवतजावत गर्ने सवारी साधन र यात्रुहरूलाई हार्दिक अनुरोध गरिन्छ ।

(क) पहिरोको जोखिममा रहेका तथा नदी किनारामा रहेका वस्तीहरूमा उच्च सर्तकता अपनाउन । साथै विशेष गरी स्थानीय तहहरूले स्वीकृत मनसुन पुर्व तयारी तथा प्रतिकार्य योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु/गराउनु हुन ।

(ख) डुवान हुनसक्ने बस्तीहरूलाई अस्थायी आवासको व्यवस्था गर्नु पर्ने अवस्था आएमा गाउँपालिका वा नगरपालिकाबाट पहिचान गरिएको सुरक्षित स्थानमा स्थानान्तरण गर्ने । यस कार्यमा स्थानीय सुरक्षा निकायहरूको सहयोग आवश्यक पर्ने भएमा स्थानीय तहहरूबाट समन्वय र पहल हुन ।

८२/०६/१८

मोहन प्रसाद न्यौपाने
सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धादिङ

फोनः०१०-५२०१३३
ई-मेलःdaodhading@moha.gov.np

प.सं. :प्रशासन २०८२/०८३

(ग) जिल्लास्थित सुरक्षा निकायहरू, स्थानीय तहहरू, विपद स्वयंसेवकहरू, विपद सूचक समूहहरू लगायत सबै निकायहरूले स्वीकृत विपद पुर्व तयारी तथा प्रतिकार्य योजना बमोजिम तयारी अवस्थामा रहनु हुन ।

(घ) सम्बन्धित संघ, प्रदेश र स्थानीय तहहरुले पृथ्वीराजमार्ग र त्रिभुवनराजपथ अन्तर्गत नौविसे-मुङलिङ सडक आयोजना (पूर्व र पश्चिम खण्ड), सीतापाइला-धार्के सडक खण्ड लगातयतका संघ वा प्रदेश वा स्थानीय तह अन्तर्गत निर्माणाधीन वा मर्मत सम्भार भइरहेका सडकहरूमा सवारी साधन तत्काल सञ्चालन गर्न सक्ने गरी मर्मत सम्भार गर्न आवश्यक पर्ने उपकरण, औजार र मेसिन (डोजर, एस्क्याभेटर, लोडर) हरू तयारी अवस्थामा राख्नु हुन । साथै उक्त कार्यमा खटिएको अपरेटर कर्मचारी र निजको अनुपस्थितिमा काम गर्ने अपरेटर वा कर्मचारीको नामनामेसी र सम्पर्क मोवाइल नम्बर नजिकको सुरक्षा इकाई र सम्वन्धित वडाध्यक्षलाई तुरुन्त उपलब्ध गराउनु हुन ।

(ङ) पूर्व तयारी तथा प्रतिकार्यमा सहयोग गर्ने सरोकारवाला संघ/संस्थाहरू तयारी अवस्थामा रही जिल्ला तथा स्थानीय विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन समितिको सम्पर्कमा रहन ।

(च) स्वीकृत प्रतिकार्य योजना बमोजिम जिल्ला तथा स्थानीय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन समितिका क्लष्टर लिड र क्लष्टर को-लिडहरू तयारी अवस्थामा रहन ।

पुनश्चः- सवारी साधन चलाउन रोक लगाईएका कारण यात्रु महानुभावमा पर्न गएको असुविधा प्रति क्षमा प्रार्थी चाहान्छौ साथै भारी वर्षा र अति धेरै भारी बर्षाका कारण कुनै विपद वा समस्या आई परेमा निम्न फोन नम्बरहरुमा तुरुन्त सम्पर्क गर्नु हुन समेत जानकारीका लागि अनुरोध छ ।

१)जिल्ला प्रहरी कार्यालय, धादिङ (कन्ट्रोल) ०१०-५२०१९९
२) सूचना अधिकारी, जिल्ला प्रहरी कार्यालय, धादिङ ९८५१२२९८६०
३) ईलाका प्रहरी कार्यालय, गजुरी ९८५१२९८३००
४) जिल्ला ट्राफिक प्रहरी कार्यालय, गजुरी ९८५१३२२५६४
५) जिल्ला आपतकालिन केन्द्र, धादिङ ०१०-५२१४६४

मितिः २०८२ असोज १८ शनिबार

(मोहन प्रसाद न्यौपाने)
सहायक प्रमुख जिल्ला अधिकारी